नेपाल सरकार

# आपूर्ति मन्त्रालय

नेपाल सरकार
आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

आज मिति २०७३ साल असोज ७ गते माननीय आपूर्ति मन्त्री दीपक बोहोराज्यूको अध्यक्षतामा आपूर्ति मन्त्रालयमा उच्चपदस्थ पदाधिकारीहरु तथा तरकारी तथा फलफुल व्यवसायी महासंघका पदाधिकारीहरु र अन्य सरोकारवालाहरु समेतको उपस्थितिमा बसेको बैठकले निम्नानुसार निर्णय तथा सहमती गऱ्यो :-

- आसन्न दशैं, तिहार तथा छठ पर्वहरुलाई लक्षित गरी सर्वसाधारण उपभोक्ताहरुलाई राष्ट्रिय चाडपर्वहरुको अवसरमा उपत्यका लगायत नेपाल भरिनै सकेसम्म सुपथ मूल्यमा तरकारी तथा फलफूल उपलब्ध गराउने र हाल उपत्यका भित्र सञ्चालन भइरहेका सुपथ मूल्य पसलहरुसँगै सूपथ मूल्यका तरकारी र फलफूल पसल समेत राखी बिक्री वितरण गर्ने ।
- उपरोक्त सहमतीबाट दशैं, तिहार तथा छठको अवसरमा उपत्यका लगायत नेपालभर उपभोक्ताहरुले सूपथ मूल्य तथा गुणस्तरमा तरकारी, फलफूल लगायतका अन्य उपभोग्य सामग्रीहरु पाउने सक्ने विश्वास सरकारले लिएको छ ।

दिनाङ्क :- २०७३ साल असोज ७ गते
सिंहदरबार, काठमाडौं ।

उत्तम प्रसाद नागिला
सहसचिव